# भरतपुर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन, नेपाल
## BHARATPUR METROPOLITAN CITY
## Office of Municipal Executive
Bharatpur, Chitwan, Nepal


प.सं. २०७७/०७८  मितिः २०७७।१०।०४
च.नं. ३१०१

**बिषयः पुनः सूचना प्रकाशन गरिएको वारे ।**

भरतपुर महानगरपालिकाको आर्थिक वर्ष २०७७/०७८ को स्वीकृत पशु विकास सेवा कार्यक्रम अनुसार भरतपुर महानगरपालिका भित्र विभिन्न कार्यक्रमहरू कार्यान्वयनका लागि कार्यविधिमा तोकिएको मापदण्ड पुरा गरेका कृषक/ व्यवसायी/ संस्थाहरूले प्रस्तावना पेश गर्न मिति २०७७।०८।०४ मा ३० (तीस) दिनभित्र कार्यालय समयमा शाखामा प्रस्तावना पेश गर्न सूचना प्रकाशन गरिएकोमा तपसिलको कार्यक्रममा तोकिएका केही वडाहरूबाट प्रस्तावना पेश नभएकोले वडा नं. १३, १४, २४, २५, २६ र २९ का कृषक/ व्यवसायी/संस्थाहरूलाई यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्र शाखामा प्रस्तावना पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । तोकिएको मापदण्ड पुरा नभएका र म्यादभित्र पेश नभएका प्रस्तावनाहरूलाई मूल्यांकन प्रकृयामा समावेश गरिने छैन । कार्यविधि भरतपुर महानगरपालिकाको वेवसाइट **www.bharatpurmun.gov.np** बाट डाउनलोड गर्न सकिने छ । विस्तृत जानकारीको लागि कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन शाखा वा फोन नं. ०५६-५३२०३७ वा नजिकको पशु सेवा केन्द्रहरूमा सम्पर्क गर्न सकिने छ ।

<u>तपसिल</u>

१. **लागत साझेदारीमा एक वडा एक पशु फार्म आधुनिकीकरण कार्यक्रमः**
लक्ष्य १०, कूल बजेट रू. ५० लाख, अनुदान प्रतिशतः ५०% ।

**प्रस्तावनासाथ पेश गर्नुपर्ने कागजातहरूः**

- निजी जग्गा वा भाडामा लिएको भए जग्गाधनीसँग भएको संझौता भाडाकर सहित लालपूर्जाको प्रतिलिपी ।
- फार्म स्थापना र सञ्चालनका लागि गाइभैंसी फार्मको हकमा न्यूनतम् १ विगाह र बाख्राको हकमा न्यूनतम ५ कट्ठा जमिन भएको प्रमाण र गाइभैंसी फार्मको हकमा न्यूनतम १० माउ र बाख्राको हकमा न्यूनतम २० माउ पालेको हुनुपर्नेछ ।
- महानगरपालिकाको सम्बन्धित वडा कार्यालयमा फार्म दर्ता गरेको प्रमाणपत्र (वडा कार्यालयमा फार्म दर्ता गरेको मितिले एक वर्ष पुरा भएको हुनुपर्नेछ) ।
- आवेदन दस्तुर वापत वडा कार्यालयमा रू. ३००।- नगद तिरेको सक्कल रसिद ।
- पान दर्ता र करचुक्ता गरेको प्रमाण ।
- नेपाली नागरिकताको प्रमाणपत्र । (प्रस्तावकको उमेर १८ वर्ष पुरा भई ५० वर्ष ननाघेको हुनुपर्नेछ ।
- सम्बन्धित वडा कार्यालयका प्राविधिकबाट तयार गरिएको गोठ निर्माण, जैविक सूरक्षाका लागि तारबार र गेट निर्माण कार्यको प्रमाणित लागत अनुमान ।
- सम्बन्धित वडा कार्यालय र पशु सेवा केन्द्रको सिफारिस ।
- पशु विमा गरेको प्रमाण ।
- कार्यक्रममा छनौट भएको खण्डमा महानगरको कार्यक्रम र शर्त बमोजिमका कार्यगर्ने प्रतिवद्धता पत्र ।
- शाखाबाट उपलब्ध गराइने फार्म भरी पेश गर्नुपर्नेछ ।

.....................
प्रेमराज जोशी
प्रमुख प्रशासकीय अधिकृत